# नेपाल राष्ट्र बैंक

मौद्रिक व्यवस्थापन विभाग

## बजार निर्माताको इजाजतपत्र नवीकरण गर्ने तथा नयाँ इजाजत पत्र सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभागले प्रचलित कानूनको अधिनमा रही नेपाल सरकारको तर्फबाट विभिन्न प्रकारका ऋणपत्रहरु निष्कासन गरी आन्तरिक ऋण उठाउने कार्य गर्दै आइरहेको क्रममा लामो अवधिका राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्रको प्राथमिक एवम् दोस्रो बजार कारोबार र वैदशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार मात्र गर्न नेपाल राष्ट्र बैंकले "बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० (दोस्रो संशोधन २०७६) जारी गरी विभिन्न संस्थाहरुलाई बजार निमार्ताको इजाजतपत्रहरु प्रदान गर्दै आएकोमा उक्त इजाजतपत्रहरुको नविकरण गर्न इच्छुक संस्थाहरुले इजाजतपत्रको बहाल अवधि समाप्त हुन १५ दिन अगावै तथा नयाँ इजाजतपत्र लिन इच्छुक संस्थाहरुले निम्न कागजातहरु संलग्न गरी यस विभागमा आवेदन दिन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

(१) आवश्यक कागजातहरु

(क) पछिल्लो आर्थिक वर्षको वित्तीय प्रतिवेदन,

(ख) प्रबन्धपत्र र नियमावली (नविकरण गर्नेको हकमा पहिले पेश गरेको शंसोधन भएको खण्डमा मात्र पेश गर्ने)

(ग) नयाँ इजाजतपत्र लिनेको हकमा वित्तीय कारोबार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि ।

(घ) नयाँ इजाजतपत्र लिन दस्तूर वापत रु. १५,०००।- र नवीकरणको लागि दस्तुर वापत रु.१०,०००।- नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागमा रहेको यस बैंकको खाता नं. १२०००००-०३०-०१२-५२४ मा बुझाएको भौचरको सक्कल प्रति ।

(ङ) नवीकरण गर्नेको हकमा यस विभागबाट यस अघि प्रदान गरेको बजार निर्माताको इजाजतपत्रको सक्कल प्रति ।

(च) समयमै नवीकरणको लागि आवेदन नदिएमा बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० (दोस्रो संशोधन २०७६) मा व्यवस्था गरे अनुसार हुने ।

(२) नयाँ इजाजतपत्र लिन आवश्यक कागजातहरु संलग्न गरी जुन सुकै समयमा पनियस विभागमा निवदेन दिन सक्ने ।

(३) नयाँ इजाजतपत्र तथा नवीकरण ३ (तीन वर्ष) को लागि हुनेछ ।

(४) नयाँ इजाजत तथा नवीकरण गर्दा बजार निर्माता सम्बन्धि कार्यविधि, २०७० (दोस्रो संशोधन २०७६) अनुसार हुने र इजाजत प्राप्त संस्थाहरुले सो कार्यविधि, बचतपत्र सम्बन्धि सबै नीति नियमहरु र सो सम्बन्धि भविष्यमा हुने अन्य व्यवस्थाहरु समेत पूर्ण रुपमा पालन गर्नु पर्नेछ ।

पुनश्चः- थप जानकारीको लागि लागि नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग, बालुवाटार, फोन नं. ४४१९८०४ Ext ८३५ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।